# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

## बैठक - ४२

मितिः २०७७/०२/१२ गते बिहान १०:०० बजे

निर्णयहरुः

१. मिति २०७६/१०/२९ गते बसेको बैठकले अन्तरप्रदेश व्यवस्थापकिय अध्ययन, अनुभव आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रम अन्तरगत सार्वजनिक लेखा समितिले प्रदेश नं. १ र २ मा भ्रमण गर्ने निर्णय गरिएकोमा हाल कोभिड १९ कोरोना रोगको विश्वव्यापी महामारीको कारण उक्त भ्रमण यस आ.व. मा गर्न नसकिने भएकोले उक्त कार्यक्रम स्थगन गर्ने निर्णय गरियो ।

२. मन्त्रालयहरुले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फाटोकपी मेशीन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा आवश्यक अध्ययन गर्न एक उपसमिति गठन गरिएको छ । सो सम्बन्धमा उपसमितिको प्रतिवेदनलाई आधार मानेर समितिले निर्णय गरे बमोजिम हुनेगरी निर्णय गरियो।

तपसिल

मा. प्रभात तामाङ्ग —संयोजक
मा. ओमबहादुर ग्लान —सदस्य
मा. मुनु सिग्देल — सदस्य
मा. रमेश पौड्याल —सदस्य
मा. रिता माझी — सदस्य

३. मिति २०७६/१२/०५ गते बसेको बैठकले विभिन्न उपसमिति गठन गरिएकोमा उक्त समितिहरुको म्याद समाप्त भएकोले उपसमितिहरुको म्याद एक महिना थप गर्ने निर्णय गरियो।